शहिद लखन गाउँपालिका स्थानीय पाठ्यक्रम मस्यौदा २०७७

# शहिद लखन गाउँ कार्यपालिकाको कार्यालय

## घैरुङ्ग गोरखा,

## गण्डकी प्रदेश, नेपाल

शहिद लखन गाँउपालिका स्थानीय पाठ्यक्रम १-३ २०७७

शहिद लखन गाउँपालिका स्थानीय पाठ्यक्रम १-३ २०७७

## शहिद लखन गाउँपालिका स्थानीय पाठ्यक्रम मस्यौदा २०७७

### विषयवस्तुको विस्तृतीकरण

### कक्षा १

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | अनुमानित घण्टा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | हाम्रो गाउँपालिका | • परिचय | • आफ्नो गाउँपालिकाको नाम भन्न,<br>• आफू बसोबास गरेका वडाको नाम बताउन<br>• आफू बसोबास गरेको टोल/ बस्तीको नाम बताउन<br>• आफ्नो घर वरपरको बाटो/ घाटो सडकको नाम बताउन | • आफ्नो गाउँपालिकाको नाम<br>• वडाको नाम<br>• टोल बस्तीको नाम<br>• टोल बस्ती वरपर रहेका सडकको नाम | • शिक्षकले आफ्नो परिचय दिने<br>• विद्यार्थीलाई आफ्नो परिचय दिन सिकाउने<br>• आफू बसोबास गरेको ठाउँ तथा नजिकका नातेदारको घर ठेगाना बताउन लगाउने<br>• विद्यार्थीले प्रयोग गर्ने बाटो घाटो सोधी सूचीकरण गर्ने | • आफ्नो पूरा ठेगाना आउने गरी परिचय दिनुहोस् ।<br>• आफ्नो वरपर रहेका बाटो घाटोको नाम बताउनुहोस् । | २० | |
| | | • भौगोलिक बनावट | • आफू बसेको स्थानको भौगोलिक बनावट बताउन | • आफ्नो बस्ती वरपरका पहाड, मैदान पहिचान | • विद्यार्थीले देखेको भिरालो समथर भागको स्मरण गराई ऊ बसेको स्थानको बनावट बताइदिने | • पहाड र समथर भागको फरक बताउनुहोस् । | | |
| | | • जातजाति | • आफ्नो बस्तीमा रहेका थरहरुको नाम बताउन | • आफ्नो बस्तीमा रहेका थरहरुको नाम | • विद्यार्थीहरुको आफ्नो थर सोधी विभिन्न थरको नाम बताउने | • विभिन्न थरहरुको नाम बताउनुहोस् । | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २. | प्राकृतिक स्रोत र सम्पदा | • वनजङ्गल<br>• | • आफ्नो घर वरपर रहेका बोटविरुवाको नाम बताउन | • आफ्नो घर वरपर पाइने बोट बिरुवाको नाम | • आफ्नो घर वर पर रहेका बोटविरुवाहरु संकलन गर्न लगाई तिनीहरुको नाम बताई दिने | • तपाईको वरपर पाईने कुनै ५ बिरुवाहरुको नाम भन्नुहोस् । | १५ | |
| | | • जडिबुटी | • आफ्नो घर वरपर पाइने जडिबुटी (तुलसी, लसुन, बेसार,अमला,अदुवा,दुबो,घ्युकुमारी ,असुरो,गुर्जो, बेल)को नाम बताउन | • आफ्नो घर वरपर पाइने जडिबुटी(तुलसी,लसुन, बेसार,अमला,अदुवा,दुबो,घ्युकुमारी ,असुरो,गुर्जो,बेल)को नाम | • घर वरपर पाइने जडिबुटी( तुलसी,लसुन, बेसार,अमला,अदुवा,दुबो,घ्युकुमारी ,असुरो,गुर्जो,बेल) अभिभावकको परामर्शमा ल्याउन लगाई जडिबुटीको पहिचान गराउने | • कुनै ४ ओटा जडिबुटीको नाम भन्नुहोस् । | | |
| | | • पानीको स्रोत | • आफ्नो घरमा प्रयोग भएको पानीको स्रोत बताउन | • आफ्नो घरमा प्रयोग गर्ने पानीको स्रोत पहिचान र प्रयोग | • प्रत्येक विद्यार्थीले प्रयोग गर्ने पानीका स्रोतहरु बताई दिने<br>• विद्यालयबाट सबभन्दा नजिक रहेको पानीको स्रोतको अवलोकन भ्रमण गराउने<br>• पानीको प्रयोगबाट गरिने क्रियाकलापको छलफल गराउने | • पानीका स्रोतहरुको सूची बनाउनुहोस् ।<br>• घरायसी काममा पानीको प्रयोग हुने क्रियाकलापको नाम बताउनुहोस् । | | |
| ३. | धार्मिक र साँस्कृतिक सम्पदा | • स्थानीय मठ, मन्दिर,थान, गुम्बा, मस्जिद, चर्च | • आफू बसोबास गरेको वर पर रहेका धार्मिक स्थलको पहिचान गर्न | • घर नजिकको मठ, मन्दिर,थान, गुम्बा, मस्जिद, चर्चको पहिचान | • विद्यालय आसपास रहेका धार्मिक स्थलहरुको सूचीकरण गरी कुनै एक स्थानको अवलोकन गराउने | • धार्मिक स्थलहरुको सूची तयार गर्नुहोस् । | २५ | |
| | | • पर्व, मेला, जात्रा | • घर नजिक लाग्ने पर्व मेला जात्राको बारेमा बताउन | • घर नजिक लाग्ने पर्व मेला जात्राको पहिचान | • विद्यार्थी आफू गएको पर्व मेला जात्रामा देखेको कुरा सुनाउन लगाउने र शिक्षकले त्यहाँ गरिने क्रियाकलापका बारेमा बताइदिने | • पर्व, मेला, जात्रामा गरिने क्रियाकलापको बारेमा बताउनुहोस् । | | |

शहिद लखन गाउँपालिका स्थानीय पाठ्यक्रम २०७७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | • स्थानीय जातजातिको भाषा, धर्म, कला, सँस्कृति, रीतिरिवाज | • आफ्नो समुदायमा बोलिने भाषा र धर्मको बारेमा पहिचान गर्न | • आफ्नो समुदायमा बोलिने भाषा र धर्मको पहिचान गर्न | • समुदायमा बोलिने भाषा र धर्मको बारेमा छलफल गरी सूची तयार गर्ने | • समुदायमा बोलिने भाषा धर्मको नाम भन्नुहोस् । | | |
| | | • परम्परागत सङ्गीत | समुदायमा बजाइने परम्परागत बाजा (मादल, झुर्मा, खैजडी, मूरली, बाँसुरी)हरुको चिन्न | • परम्परागत बाजा (मादल, झुर्मा, खैजडी, मूरली, बाँसुरी) परिचय | • समुदायमा पाइने परम्परागत बाजाहरुको सूची तयार गरी प्रदर्शन गराउने | • परम्परागत बाजाहरुको नाम बताउनुहोस् । | | |
| ४. | ऐतिहासिक सम्पदा, ऐतिहासिक व्यक्तित्व, शहीद तथा बेपत्ताजन र पर्यटकीय स्थल, | • ऐतिहासिक व्यक्तित्वहरु | • ऐतिहासिक व्यक्तित्व ( प्रथम शहीद लखन थापा मगर,जयसिंह चुमी मगर, भीमसेन थापा, )को पहिचान गर्न | • ऐतिहासिक व्यक्तित्वको पहिचान ( प्रथम शहीद लखन थापा मगर,जयसिंह चुमी मगर, भीमसेन थापा, ) | • प्रथम शहीद लखन थापा मगर,जयसिंह चुमी मगर, भीमसेन थापा, को फोटो देखाई संक्षिप्त परिचय दिने | • शहिद लखन गा.पा. भित्रका ऐतिहासिक व्यक्तित्वहरुको परिचय दिनुहोस् । | २५ | |
| | | • गुफा | • गुफाको परिचय बताउन | • गुफाका परिचय | • गुफाको अवलोकन भ्रमण<br>• गुफाको भिडियो प्रदर्शन<br>• गुफाको सामान्य परिचय | • गुफा भनेको के हो ? | | |
| ५. | पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप | • कृषि | • समुदायमा गरिने खेतीपातीको पहिचान गर्न | • समुदायमा गरिने खेतीपातीको पहिचान | • मकै खेती,, धान खेती, कोदो खेती आदिको अवलोकन भ्रमण<br>• कृषि कर्मका फोटो प्रदर्शन | • समुदायमा गरिने कुनै ५ खेतीपातीको नाम लेख्नुहोस् । | २० | |
| | | • व्यापार | • समुदायमा गरिने व्यापारको पहिचान गर्न | • आफ्नो घर, टोल, छिमेकमा गरिने व्यापारको पहिचान | • व्यापारिक स्थानको अवलोकन भ्रमण<br>• व्यापारको अभिनय<br>• व्यापारको श्रव्य दृश्य सामग्री प्रदर्शन | • व्यापार भनेको के हो ?<br>• व्यापार कसरी गरिन्छ ?<br>• तपाइँको समुदायमा गरिने कुनै ५ ओटा व्यापारको नाम भन्नुहोस् । | | |
| | | • स्थानीय सीप/प्रविधि | • स्थानीय परम्परागत प्रविधिको परिचय बताउन | • परम्परागत स्थानीय प्रविधिको सामान्य परिचय | • ढिकी जाँतोको बारेमा छलफल, प्रश्नोत्त | • ढिकी र जाँतोबाट गरिने ५/ ५ ओटा | | |

शहिद लखन गाँउपालिका स्थानीय पाठ्यक्रम २०७९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | • ढिकी जाँतोबाट गरिने क्रियाकलापहरुको छलफल | क्रियाकलाप बताउनुहोस् । | | |
| ६. | सामाजिक मूल्य, मान्यता | • पारिवारिक/छिमेकी शिक्षा आदर सत्कार | • परिवारका सदस्यहरु बीच उचित नाता लगाउने र आदर सत्कार गर्न | • पारिवारिक नाता र सम्बोधन | • नाता सम्बन्धको अभिनय, छलफल, प्रश्नोत्तर | • नाता अनुसार प्रयोग गरिने आदरवाची शब्दहरु लेख्नुहोस् । | १५ | |
| | | • जीवनशैली | • व्यक्तिगत प्रयोगका सामानको उचित प्रयोग र व्यवस्थापन | • व्यक्तिगत प्रयोगको सामानको उचित व्यवस्थापन<br>• जुत्ता कपडा लगाउने<br>• पाठ्यपुस्तक, आफूले प्रयोग गर्ने सामग्रीको हिफाजत गर्ने | • विद्यार्थीले दैनिक व्यवहारमा गरेका क्रियाकलापको अवलोकन<br>• टाँक लगाउने, जुत्ताको तन्ना बाँध्ने, किताब मिलाउने, अन्य प्रयोगका सामग्री जतन गर्ने अभिनय, छलफल | • दैनिक जीवनमा प्रयोग गरिन सामग्रीको प्रयोगात्मक अभ्यास | | |
| ७. | स्वास्थ्य, सरसफाइ र खेलकुद | • योग | • साधारण योग र व्यायाम गर्न | • योग र व्यायामको प्रारम्भिक सीप सम्बन्धी जानकारी | • ज्ञान मुद्रा -आँखा चिम्लेर बुढी र चोर औंलाको टुप्पा जोडेर ३ औंला सोझो गरेर घुँडामा राखी शान्त बस्ने अभ्यास गर्न लगाउने<br>• २ ओटा साधारण कवाज गर्न लगाउने । | • ज्ञान, मुद्राको र कवाजको प्रयोगात्मक अभ्यास । | १५ | |
| | | • सरसफाइ | • व्यक्तिगत सरसफाइ गर्न | • व्यक्तिगत सरसफाइ | • नङ, कपाल, दाँत, कपडा लगायतका अवलोकन गरी विद्यार्थीको अवस्थाबारे जानकारी लिने ।<br>• व्यक्तिगत सरसफाइबाट हुने फाइदाहरु छलफल गर्दै शरीरका अंगहरु ससफाइ गर्न प्रेरित गर्ने | • व्यक्तिगत सरसफाइ भनेको के हो ?<br>• व्यक्तिगत सरसफाइको फाइदा र बेफाइदाहरु के के हुन् ? | | |

शहिद लखन गाउँपालिका स्थानीय पाठ्यक्रम १-३ २०७७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | • व्यक्तिगत सरसफाइ भए नभएको विद्यार्थीको सहभागितामा अवलोकन गर्ने | | | |
| | | • व्यायाम | • सतर्क, गोडाफाट, नमस्ते गर्न | • सतर्क, गोडाफाट, नमस्ते | • सतर्क, गोडाफाट, नमस्तेको अभिनय | • सतर्क, गोडाफाट, नमस्तेको क्रियाकलापबाट मूल्याङ्कन | | |
| | | • स्थानीय खेल<br>• गीर, खुट्टी, गट्टा | • स्थानीय खेल( भेट्टाइ, लुकामारी) को बारेमा बताउन | • स्थानीय खेल ( भेट्टाइ, लुकामारी) | • ( भेट्टाइ, लुकामारी) को परिचय दिने । | • स्थानीय खेलको नाम बताउनुहोस् । | | |
| ८. | हरित विद्यालय | • बालउद्यान/फूलबारी | • बाल बगैंचामा रहेको फूलहरुको नाम बताउन | • बालबगैंचाको परिचय | • बाल बगैंचाको अवलोकन गरी बगैंचामा लगाइएका फूलहरुको नाम बताइदिने<br>• बाल बगैंचाको चित्र सङ्कलन, भिडियो प्रदर्शन र छलफल | • बाल बगैंचा भनेको के हो ?<br>• बाल बगैंचामा हुने कुनै ५ ओटा फूलहरुको नाम बताउनुहोस् । | १५ | |
| | | • करेसाबारी निर्माण | • करेसाबारीमा लगाइएको तरकारीहरुको नाम बताउन | • करेसाबारीको परिचय | • करेसा बारीको अवलोकन गर्ने<br>• करेसा बारीमा लगाइने तरकारीको नाम बताइदिने ।<br>• करेसा बारीको महत्व बताइदिने । | • करेसाबारी भनेको के हो ?<br>• करेसाबारीमा लगाइने ५ प्रकारका तरकारीहरुको नाम लेख्नुहोस् ।<br>• करेसाबारीको महत्व बताउनुहोस् । | | |

शहिद लखन गाउपालिका स्थानीय पाठ्यक्रम १-३ २०७९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९. | प्रकोप तथा विपत् व्यवस्थापन | • परिचय<br>• बँच्ने उपाय | • प्रकोपको सामान्य परिचय दिन | • प्रकोपको परिचय ( बाढी, पहिरो, आगलागि) | • प्रकोपको परिचय ( बाढी, पहिरो, आगलागि)<br>• छलफल गरी सामान्य परिचय दिने। | • कुनै ५ किसिमका प्रकोपको नाम लेख्नुहोस्।<br>• बाढी कसरी जान्छ लेख्नुहोस्। | १० | |

शहिद लखन गाँउपालिका स्थानीय पाठ्यक्रम १-३ २०७९